का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ मंसिर २०७९,
बिहीबार
1 December 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २८५ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com


# देउवालाई पार्टीभित्रै चुनौती



देउवा छैटौंपटक प्रधानमन्त्री बन्न चाहन्छन् । तर, उनलाई रोक्न कांग्रेसभित्रै रामचन्द्रपौडेल, प्रकाशमान सिंह, शशांक कोइराला, किशोरसिंह राठौर, पूर्णबहादुर खड्का र गगन थापाले दलको नेतामा उम्मेद्वारी दिने तयारी गरेका छन् ।

> मेरो त अर्को चुनाव आउँदैछ । म संसदीय दलको नेता चयनको काममा केन्द्रित छु ।
>
> **गगन थापा**
> महामन्त्री, कांग्रेस

> चाहनुभयो भने संसदीय दलको नेता पनि देउवाजी र प्रधानमन्त्री पनि उहाँ नै हो ।
>
> **रमेश लेखक**
> नेता, कांग्रेस






**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ मंसिर ।

नेपाली कांग्रेसका शीर्ष नेताहरुले चुनावको अन्तिम नतिजा नआउँदै नयाँ सरकार गठनको गृहकार्य अगाडि बढाएका छन् । नयाँ सरकार बनाउने गृहकार्य सँगसँगै संसदीय दलको नेता बन्ने दौडमा छन् । शेरबहादुर देउवा पुनः संसदीय दलको नेता हुँदै फेरि प्रधानमन्त्री बन्न चाहन्छन् । तर, देउवालाई रोकेर प्रधानमन्त्री बन्ने दौडमा कांग्रेस नेताहरु रामचन्द्र पौडेल, प्रकाशमान सिंह, शशांक कोइराला, किशोरसिंह राठौर र गगन थापा देखिएका छन् । आफूलाई अन्य दलको समर्थन रहने देखाउने दौड पनि कांग्रेसमा देखिन्छ । कांग्रेस नेताहरु सत्ता साझेदार नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी सहितका दलसँग कुराकानीमा छन् ।

पार्टी सभापति समेत रहेका प्रधानमन्त्री देउवाले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीमा अध्यक्ष माधवकुमार नेपालसँग छलफल गरिसके । अहिलेकै गठबन्धनलाई निरन्तरता दिनेगरी सभापति देउवाले छलफललाई अघि बढाएका हुन् । दाहाल र नेपालसँग छलफल गरेका देउवाले अहिलेको गठबन्धनलाई निरन्तरता दिने समझदारी गर्दै अन्य दललाई पनि समेटेर मुलुकको आर्थिक विकास र समृद्धिको पक्षमा अघि बढ्नुपर्ने निष्कर्ष निकालेको उनी निकट नेताहरु बताउँछन् ।

अहिलेककै गठबन्धनको निरन्तरतासहित सभापति देउवा फेरि प्रधानमन्त्री बन्न सक्ने र उनी नै कांग्रेस संसदीय दलको नेता – बाँकी पृष्ठ २ मा

# प्रचण्ड–माधवबीच होला एकता ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ मंसिर ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले पार्टी एकीकरणको आन्तरिक गृहकार्य सुरु गरेका छन् । गत मंसिर ४ मा सम्पन्न भएको प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा अपेक्षित नतिजा ल्याउन नसकेको माओवादी केन्द्र समाजवादीसँग एकता गरेर थप बलियो बन्ने तयारीमा जुटेको हो । उक्त दलका शीर्षस्थ नेताहरु पार्टी एकतालाई कसरी अघि बढाउने भन्ने आन्तरिक तयारीमा जुटेका हुन् । पार्टी एकताको पूर्ण टुंगो नलागेपनि दुई दलका शीर्षस्थ नेताहरु बाबुराम भट्टराई, वामदेव गौतम, घनश्याम भुसाल लगायतका कम्युनिष्ट नेतालाई पनि समेटेर पार्टी एक बनाउने तयारीमा जुटेका हुन् ।



> हामीले एकता संयोजन समिति बनाउने निर्णय गरेका थियौं र एउटै घोषणापत्र लिएर निर्वाचनमा जाने कुरा पनि भएको थियो । तर, पछि त्यो अगाडि बढेन । अहिले पनि हामी एकताकै पक्षमा छौं, कहिलेसम्म टुगिंन्छ भन्ने एकीन छैन
>
> **डा. बेदुराम भुसाल**
> महासचिव
> नेकपा एकीकृत समाजवादी

'हामीले एकता संयोजन समिति बनाउने निर्णय गरेका थियौं र एउटै घोषणापत्र लिएर निर्वाचनमा जाने कुरा पनि भएको थियो । तर, पछि त्यो अगाडि बढेन । अहिले पनि हामी एकताकै पक्षमा छौं, कहिलेसम्म टुगिंन्छ भन्ने एकीन छैन' नेकपा एकीकृत समाजवादीका महासचिव डा. बेदुराम भुसालले भने । उनले आफूहरु वामएकताको पक्षमा भएपनि तत्कालै माओवादी केन्द्रसँग एकता नहुने बताएका छन् ।

गत साउनमा ३१ गते दुवै दलले एकता प्रक्रिया सुरु गर्न ४ सदस्यीय वार्ता टोली गठन गर्ने निर्णय गरेका थिए । तर, समाजवादीभित्र एकता नगर्ने पक्षधर नेता बढी देखिदाँ र चुनाव सम्मुखै आएकाले दुवै दलले एकताबारेको काम – बाँकी पृष्ठ २ मा

## बाजुरा र स्याङ्जाको विवाद
# पुनः मतदानको सट्टा मतगणना

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ मंसिर ।

बाजुरा र स्याङ्जा १ मा भएको विवादमा पुनः मतदानको माग भए पनि पुनः मतदान नहुने भएको छ । पुनः मतदानकोसट्टा मतगणना गर्ने निर्वाचन आयोगको निर्णय छ ।

मंसिर ४ गते भएको निर्वाचनको मतगणना थाल्न आयोगले निर्देशन दिएको हो । आयोगको बुधबार बसेको बैठकले पुनः मतदानको सट्टा मतगणना गर्ने निर्णय गरेको हो ।

नेकपा एमालेले स्याङ्जा २ र बाजुरामा धाँधली भएको दाबी गर्दै पुनः मतदानको माग गरेको थियो । तगणना हुन सकेको छैन । नेकपा एमालेले स्याङ्जा २ का केही मतदान केन्द्रमा धाँधली भएको भन्दै पुनः मतदानको माग गर्दै मतगणना सुरु गर्न दिएको थिएन । तर नेपाली कांग्रेसले मतगणना सुरु गर्न माग गर्दै निर्वाचन अधिकृतको कार्यालय वालिङमा धर्ना दिएको थियो ।

स्याङ्जा-२ को मतगणना सुरु गर्न माग गर्दै कांग्रेसका उम्मेदवारसमेत रहेका पार्टी उपसभापति धनराज गुरुङ, नेताहरु रामचन्द्र पौडेल र प्रदीप पौडेल निर्वाचन – बाँकी पृष्ठ २ मा

## दोलखामा आज मतदान

दोलखाको १० वटा मतदान केन्द्रमा आम मतदान छ । मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा विवाद उत्पन्न भएपछि निर्वाचन आयोगले पुनः निर्वाचन गर्ने निर्णय गरेको थियो ।

मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठका अनुसार निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको र चार वटा बुथमा करिब आठ हजार मतदाता रहेको जानकारी दिए । आयोगको मंसिर ११ गते बसेको बैठकले दोलखाको वैत्यश्वर गाउँपालिका-६ का वैत्यश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख, ग, वडा नं २ को जनज्योति माध्यमिक विद्यालय पुतली काठका मतदान केन्द्र क र ख, तामाकोसी गाउँपालिका-३ हेल्थपोष्ट भवन जफे मतदान केन्द्रका क र ख गरी सात वटा मतदान केन्द्रमा मंसिर ४ गते सम्पन्न भएको निर्वाचनलाई रद्द गरी सोही ठाउँमा पुनः मतदान – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सीप र तालिमले फेरियो रिटर्नी कामदारको जीवन

**देवेन्द्र कार्की/रासस**
धरान, १४ मंसिर

झापाको शिवसतासीधाम-८ झिलझिलेका देविप्रसाद लावती सन् १९९९ मा मलेसिया पुगेर तीन वर्ष श्रम गरेर घर फर्किए । घर हेरचाह गर्ने काम पाएका लावती हातमा कुनै सीप नभएका पैसा कमाउन नसकेपछि घर फर्कनु परेको बताउँछन् । उनी फेरि सन् २००७ मा कतार गए । त्यहाँ सुरक्षा गाडको काम थियो, भनेबमोजिको तलब नपाएपछि एक वर्षमै घर फर्किए ।

फेरि सन् २०१० मा संयुक्त अरब इमिरेट्स गए – बाँकी पृष्ठ २ मा

# रौतहटमा वैदेशिक रोजगारीका कारण हुने लैङ्गिक हिंसा न्यूनिकरणका लागि अन्तरक्रिया



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ मंसिर

रौतहटमा वैदेशिक रोजगारीका कारण हुने लैङ्गिक हिंसा न्यूनीकरणका लागि पत्रकारहरुसँग एक दिने अन्तरक्रिया कार्यक्रम गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को आयोजनामा गरुडामा वैदेशिक रोजगारीका – बाँकी पृष्ठ २ मा


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: CADIMA YOU SEE SRL शहर: Romania,JUDETUL PRAHOVA
पूर्व स्वीकृत मिति: २०७९/०८/१४ चलानी नं.: ६०१९२४०४ L.T. No.: 276903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | स. काममा दक्ष | 650 | ८४,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook/kitchen Helper | 10 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 3. | Waiter | 5 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 4. | Pastry Maker | 5 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 5. | Bakery Helper | 5 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 6. | Gardener | 5 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 7. | Construction Worker | 30 | 0 | | 600 | ७८,२२८ | | | | | | | |
| 8. | Cleaner | 10 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 9. | Housekeeper | 0 | 10 | | 550 | ७१,७०९ | | | | | | | |
| 10. | Nanny/babysitter | 0 | 10 | | 650 | ८४,७४७ | | | | | | | |
| 11. | Recyling Worker | 10 | 0 | | 550 | ७१,७०९ | | | | | | | |
| 12. | General Unqualified Worker | 25 | 0 | | 550 | ७१,७०९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, बुटवल र दमक, झापामा २०७९ मंसिर १९ गते (5 Dec. 2022) मा हुनेछ ।
अन्तर्वार्ता विर्तामोड, झापामा २०७९ मंसिर २० गते (6 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎ 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

Butwal Contact No: 9857029296 | Damak Jhapa Contact No: 9801558951 | Birtamod Jhapa Contact No: 9817002440

## Romania मा रोजगार

कम्पनी: TSD INDICA7 SRL
शहर : BUCHAREST
पूर्व स्वीकृत मिति: २०७९/०८/१४ चलानी नं.: ६०१९२४४७ LT. No.: 276667

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 10 | सम्बन्धित काममा दक्ष | 600 | ७८,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 25 | 0 | | 650 | ८४,७९९ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 550 | ७१,७५३ | | | | | | | |
| 4. | Cook Helper | 15 | 0 | | 550 | ७१,७५३ | | | | | | | |
| 5. | General Worker | 40 | 10 | | 550 | ७१,७५३ | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 550 | ७१,७५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २२ गते (8 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Global Welfare Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9803569272, 9803569268, 9803569273,9851339623, 9851339624,
E-mail: document.globalhr@gmail.com, Web.: www.globalwelfarehr.com

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
## तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# पत्रकार अधिकारी र साहित्यकार गिरी सम्मानित




**काठमाडौं/मस–** मुलुकको पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीलाई सम्मान गरिएको छ। ज्ञानगुन प्रतिष्ठानद्वारा बुधबार आयोजित कार्यक्रममा सर्वोच्च अदालतका पूर्वन्यायाधीश टोपबहादुर सिंह र भाषाशास्त्री प्रा.डा. माधवप्रसाद पोखरेलले उनीहरुलाई 'रुक्मणिराज सिवाकोटी स्मृति पत्रकारिता सम्मान' प्रदान गरेका हुन् । विश्वविख्यात रोयटर्स, बिबिसीलगायत समाचार समिति र दि टाइम्स पत्रिकामा लामो समय काम गरेका अधिकारीले पत्रकारिता विधामा रही पुऱ्याएको योगदान तथा व्यक्तित्वका विषयमा प्रकाशित कृतिसमेत सोही समारोहमा विमोचन गरिएको थियो ।

नेपाली साहित्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत सोही कार्यक्रममा वरिष्ठ साहित्यकार गोविन्द गिरी 'प्रेरणा'लाई स्रष्टा सम्मान गरिएको हो । अमेरिकामा रही नेपाली साहित्यको उन्नयनमा निरन्तर पुऱ्याएको योगदानको कदरस्वरुप उनलाई सम्मान प्रदान गरिएको हो ।

कार्यक्रममा इतिहासविद् ज्ञानमणि नेपाल र डा महेशराज पन्त, समाजसेवी स्व. रुक्मणिराज सिवाकोटी, पूर्वप्रधानन्यायाधीशद्वय धनेन्द्रबहादुर सिंह र विश्वनाथ उपाध्यय, सर्वोच्च अदालतका पूर्वन्यायाधीश टोपबहादुर सिंहलगायत महानुभावको व्यक्तित्व र योगदानका विषय समेटेर प्रकाशित कृति विमोचन गरिएको थियो ।

सो अवसरमा प्रा.डा. पोखरेलले भाषा, साहित्य, न्याय र समाजका अरु विधामा कीर्ति राख्ने र कृति प्रकाशन गरी गौरव राख्ने व्यक्ति नै मृत्युञ्जय हुने गरेको बताए । पूर्वन्यायाधीश सिंहले ज्ञानगुन प्रकाशनका संस्थापकले युगमा विरलै हुने आफनोसहित एउटै कार्यक्रममा १२ वटा पुस्तक लोकार्पण गर्ने अवसर प्रदान गरेको भनी धन्यवाद ज्ञापन गरे ।

सम्मानित व्यक्तित्व पत्रकार अधिकारी र साहित्यकार गिरी तथा ज्ञानगुन प्रकाशनका संस्थापक शेषराज सिवाकोटीले आ-आफ्नो क्षेत्रबाट देश र समाजका लागि पुऱ्याएको योगदानबारे भाषाविद् एवं समालोचक शरदच्चन्द्र वस्ती, साहित्यकार प्रमोद प्रधान, साहित्यिक पत्रकार रोचक घिमिरे, सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीले प्रकाश पारेका थिए । ज्ञानगुन प्रकाशनले समाजका समाजका विभिन्न क्षेत्रमा रही राष्ट्र र जनताको कल्याणका खातिर काम गर्ने व्यक्तिको योगदानबारेमा पुस्तक प्रकाशित गर्दै आएको छ ।

## देउवालाई ...

चयन हुने प्रबल सम्भावना रहेको धेरैको आकलन छ। तर कांग्रेस नेताहरु रामचन्द्र पौडेल, प्रकाशमान सिंह, शशांक कोइराला, महामन्त्री गगन थापाले आफ्नै ढंगले संसदीय दलको नेता बन्ने प्रयास गरिरहेका छन् ।

महामन्त्री गगन थापा भन्छन्, 'मेरो त अर्को चुनाव आउँदैछ । म संसदीय दलको नेता चयनको काममा केन्द्रित छु ।'

पार्टी संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्ने महामन्त्री थापाले बताउँदै आएका छन्। नेता रामचन्द्र पौडेल र प्रकाशमान सिंहले नयाँ सरकार गठनसहितका विषयमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालका साथै एमाले अध्यक्ष केपी ओलीसँग भेटेका छन् ।

तनहुँ १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित पौडेलले मुलुकका लागि आफ्नो नेतृत्व आवश्यक रहेको बताउँदै आएका छन् । गत सोमबार माधव नेपालसँगको भेटमा नयाँ सरकारको नेतृत्वमा आफूलाई समर्थन गर्न आग्रह गरेको नेताहरु बताउँछन् । उनले पार्टी सभापतिसमेत रहेका प्रधानमन्त्री देउवा, कांग्रेस पूर्वउपसभापति विमलेन्द्र निधिसहितका नेताहरूसँग पनि छलफल गरेका छन्। प्रकाशमान सिंहले आफूले 'ग्रास रुटदेखि नम्बर टुसम्म भएर काम गरिसकेको' भन्दै आफूलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्दै आएका छन् । पार्टी सभापति देउवाको समेत विश्वास जितेर नेतृत्व लिने पक्षमा रहेका सिंहले गत आइतबार एमाले अध्यक्ष ओलीसँग भेटेका थिए ।

नवलपुर पूर्व १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित पूर्वमहामन्त्री शशांक कोइरालाले अबको प्रधानमन्त्री आफू भएको दाबी गरेका छन्। पार्टीका शीर्षलाई अवसर दिन र पछिल्ला पुस्ताका नेतालाई हतार नगर्न उनले आग्रह गर्दै आएका छन् ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले सार्वजनिक रूपमै प्रधानमन्त्रीको दाबी त गरेका छैनन् तर देउवापछि पार्टी र सरकारको नेतृत्व आफूले गर्ने भनेर निकटहरूलाई बताउँदै आएका छन्। देउवाको उत्तराधिकारीका रूपमा खड्काले आफूलाई प्रस्तुत गर्दै आएका छन् । खड्का सुर्खेत १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । उता पार्टीको १४औं महाधिवेशनमा सभापति देउवाविरुद्ध आमनेसामने भएका नेता शेखर कोइराला पनि पार्टीमा 'पावर' सेयरिङको पक्षमा छन् । देउवालाई पार्टी सञ्चालनको जिम्मेवारी दिने र आफूले सरकार सञ्चालन गर्ने रणनीतिका साथ उनी अघि बढ्ने पक्षमा रहेको निकटहरूको दाबी छ।

पार्टीभित्र समझदारी निर्माण हुने अवस्था नभए महाधिवेशनमा जस्तै संसदीय दलको नेतामा पनि संस्थापन इतरको नेतृत्व गर्दै संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्ने शेखरको तयारी देखिन्छ। यद्यपि निर्वाचन परिणाम आफ्नो पक्षमा पारेपछि पनि शेखर अहिले पनि आफ्नै क्षेत्रको कार्यक्रममा सक्रिय छन्। शेखरकै समूहबाट महामन्त्रीमा निर्वाचित थापाले पनि आफूलाई प्रधानमन्त्री र संसदीय दलका रूपमा प्रस्तुत गर्दै आएका छन् ।

तर, जे जस्तो तर्क र बहस भए पनि फेरि पनि देउवा नै संसदीय दलको नेता र प्रधानमन्त्री बन्ने नेता रमेश लेखकको दाबी छ। उनी भन्छन्, ' अहिलेको परिस्थितिमा शेरबहादुर देउवाजीले चाहनुभयो भने संसदीय दलको नेता पनि देउवाजी र प्रधानमन्त्री पनि उहाँ नै हो ।'

## प्रचण्ड...

रोकेका थिए। तर, अब भने शीर्षस्थ तहमा कलम चुनाव चिन्ह राख्ने र माओवादीको नाम फेरेर कुनै उपर्युक्त कम्युनिष्ट नाम राख्ने गरि एक चरणको छलफल भएको प्रचण्ड निकट एक नेताले जानकारी दिए ।

तर, नेकपा माओवादी केन्द्रका नेता देव गुरुङ भने एकताका लागि समाजवादीले अलमल गरेको बताउँछन् । 'हामीले त पहिलादेखि नै सँगै काम गरौं भनेको हो, एकता गर्न संयोजन समिति बनाउने निर्णय पनि भएको थियो । एउटै घोषणापत्र लिएर चुनावमा जाने पनि भनिएको थियो, उहाँहरूले नमान्दा त्यो रोकिएको थियो' उनले भने । शीर्षस्थ नेताहरुबीच नेता घनश्याम भुसाललाई महासचिव बनाएर कम्युनिष्ट एक भएर जाने छलफल पनि चलेको छ । राष्ट्रिय पार्टी बन्न कसरत गरिरहेको समाजवादी र अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकेको माओवादी केन्द्र आफ्नो अस्तित्व रक्षाका लागि एक भएर जाने तयारीमा छन् । तर पनि, तत्कालै एकताको सम्भावना भने नरहेको समाजवादी निकट नेताको भनाई छ ।

## बाजुरा....

आयोग पुगेर अबिलम्ब मत गणना सुरु गर्न माग गरेका थिए ।

यो क्षेत्रमा कांग्रेस उपसभापति गुरुङ र एमालेकी सचिव पद्मा अर्याल प्रतिस्पर्धामा छन् ।

बाजुराका पनि केही मतदान केन्द्रमा विवाद भएपछि विवाद भएको थियो । बुढीनन्दा नगरपालिकाका केही केन्द्रमा पुनः मतदान भइसक्दा पनि अन्य केन्द्रका विषयमा दलहरुबीच विवाद हुँदा मतगणना सुरु हुन सकेको थिएन । बाजुरामा नेकपा एमालेका उम्मेदवार कर्ण थापा र नेपाली कांग्रेसका उम्मेदवार बद्री पाण्डे प्रतिस्पर्धामा छन् ।

मतदानमा भएको स्याङ्जा-२, बाजुरा र दोलखामा विवादका कारण मतगणना प्रक्रिया अवरुद्ध थियो । यी ठाउँमा अध्ययन गर्न आयोगले सहसचिवहरु तुलसीप्रसाद श्रेष्ठ, फणिन्द्र गौतम र यज्ञप्रसाद भट्टराईको नेतृत्वमा छुट्टाछुट्टै टोली पठाएको थियो ।

## दोलखामा...

गर्ने निर्णय गरेको थियो ।

आयोगले वैत्यश्वर वडा नम्बर ३ को कालीढुङ्गा माबि मतदान केन्द्रमा क, ख, ग मतदान केन्द्र भएको मतदानलाई पनि रद्द गरी पुनः मतदान गर्ने निर्णय गरी उक्त दिन पुनः मतदान सम्पन्न गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखालाई निर्देशनसमेत दिएको थियो ।

## सीप...

त्यहाँ भने १० वर्ष वेल्डिङको काम गरे । दुई वर्षदेखि उनी नेपालमा त्यतिकै बसिरहेका छन् । गोठमा दुईचार गाई भने उनले पाल्दै आएका थिए। लामो समय विदेश बसेर पनि केही गर्न नसकेका लावती कृषि पेसामा लागेका हुन्। पेसाप्रतिको प्राविधिक ज्ञान अभावमा उनी कहिलेकहाँ कहिले कहाँ भौतारिरहेका थिए । पशुपालनमा चाख राख्ने लावतीले पशु स्वास्थ्यसम्बन्धी तालिम पाएपछि पशु पालन व्यवसाय दिगो हुने आशा गरेका छन् ।

लावती जस्तै झापाको अर्जुनधारा नगरपालिका-११ बसपार्क क्षेत्रका अनिश राई पनि तीन वर्ष कुवेत बसेर एक वर्षअघि फर्किए । उनले विदेश बस्दा भान्सामा काम पाएका थिए । एक वर्षअघि नेपाल आएर उनी त्यतिकै भौतारी रहेका थिए। बिर्तामोडमा 'हाउस किपिङ'को तालिमका लागि अन्तर्वार्ताबाट पास भई उनी तालिममा सहभागी भए । तालिम प्राप्त भएपछि उनले अब स्वदेशमै होटल क्षेत्रमा केही गरेर बस्ने अठोट लिएका छन् ।

झापा कमल गाउँपालिका-४ की इन्दिरा कार्की (गुरुङ) तीन वर्ष कुवेतमा क्लिनरको काम गरेर फर्किएकी छन् । उनी दुई वर्षअघि नेपाल फर्केर त्यतिकै बसिरहेकी थिइन् । घर नजिकै पशु स्वास्थ्य सहायकको तालिम पाएपछि उनी पनि प्रक्रिया पूरा गरेर तालिममा सहभागी भइन् । तालिम लिएपछि उनमा आफ्नै देशमा केही गर्ने मनोबल बढेको छ ।

लावती, राई र कार्कीजस्तै झापा, मोरङ र सुनसरीका विदेश बसेर फर्किएका तीन सय युवाले विभिन्न प्रकारका सीपमूलक तालिम लिने अवसर पाएका छन् । घर नजिकै निःशुल्क पाएको तालिमले उनीहरु नेपालमै केही गर्ने आत्मबल बढेको बताउँछन् । वैदेशिक रोजगारीमा गएर फर्किएकालाई स्वदेशमै टिकाउने उद्देश्यले 'वेलकम होम' परियोजनाले छोटो अवधिको सीपमूलक तालिम दिएपछि यहाँका युवाले सीपयुक्त हुने मौका पाएका छन् । युरोपेली संघको आर्थिक सहयोग, ब्रिटिस काउन्सिलद्वारा व्यवस्थित दक्षता-टिभिइटि व्यावहारिक साझेदारी अन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा कार्यान्वयन गरिएको यो परियोजनाले प्रदेश नं १ का मोरङ, सुनसरी र झापामा तीन सय जनालाई तालिम प्रदान गरेको हो ।

यो परियोजना सञ्चालन गर्न नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघले मुख्य भूमिका खेलेको छ । विदेशबाट फर्किएका युवालाई स्वदेशमै रहेर केही गर्न प्रोत्साहन गर्न दातृ निकायसँग सहकार्य गरेर एक सय ८० घण्टाको तालिम सञ्चालन गरिएको छ । झापाको कमल गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, शिवसतासी नगरपालिका, मेची नगरपालिका, विर्तामोड नगरपालिका, मोरङको केराबारी गाउँपालिका, लेटाङ नगरपालिका र सुन्दरहरैचा नगरपालिका तथा सुनसरीको इटहरी उपमहानगरपालिका, बराहक्षेत्र नगरपालिका र इनरुवा नगरपालिकामा तालिम आयोजना गरिएको थियो ।

विदेशबाट फर्किएका युवालाई तालिममा सहभागी गराउन पौरखी नेपाल र ओरेक नेपालले सहयोग गरेको थियो। छोटो अवधिका प्लम्बर, होम स्टे, साना होटल व्यवस्थापन, हाउस पेन्टर, बिल्डिङ इलेक्ट्रिसियन, हाउसकिपिङ, पशु स्वास्थ्य सहायक र बेमौसमी तरकारी खेतीलगायतका सीपमूलुक तालिम सञ्चालन गरिएको तालिमका व्यवस्थापक गिरीराज घिमिरेले बताइन् ।

परियोजनाअन्तर्गत विदेशबाट फर्किएकाका लागि रोजगारी सिर्जना, क्षमता अभिवृद्धि, विदेशमा प्राप्त गरेको ज्ञान-सीपलाई स्वदेशमै प्रयोग गर्ने अवस्था बनाउने लगायतका क्रियाकलाप गरिएको जनाइएको छ । श्रम बजारमा भोगेका समस्यालाई पहिल्याउने र समाधान गर्ने कार्ययोजनाका साथ यो तालिम आयोजना गरिएको थियो। नेपालमा विदेशबाट फर्किएर पुनः विदेश नै जानुपर्ने अवस्था रहेको छ । आवश्यक तालिम दिएर रोजगारीमा फर्काउने र समाजमा स्थापित गर्न यस्तो तालिम आयोजना गरिएको नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघका प्रदेश नं १ का अध्यक्ष कृष्ण शाहले बताए ।

विदेशबाट फर्किंदा घरपरिवार र सम्पत्ति दुवै नरहने कतिपयको टिठलाग्दो अवस्था रहेको अवस्था पाइएको तथा तालिमले आत्मनिर्भर हुन सहयोग गर्ने अन्तर्राष्ट्रिय श्रम संगठनकी परामर्शदाता सवाना भट्टले बताइन् । 'अझ विदेश गएरका र फर्किएका महिला बढी समस्यामा छन्,' उनले भने, 'उनीहरुलाई सम्मानका साथ समाजमा स्थापित गर्ने काम यस तालिमले गर्ने छ ।'

उनीहरुलाई आवश्यक तालिम, परामर्श दिने र स्वदेशमै टिकाउने सोचका साथ परियोजना अघि बढाइएको आयोजकले जनाएको छ। त्यसबाहेक परियोजनाले वैदेशिक रोजगारबाट फर्किएकालाई रोजगारीमा आबद्ध गराई, उद्यमशीलताको प्रवर्धन गरी सामाजिकीकरण गर्ने जनाइएको छ। परियोजनाले मुख्यतः कृषि, पर्यटन र निर्माण क्षेत्रमा काम गर्ने वेलकम होमका नेपाल संयोजक ताराप्रसाद बखरियाले जानकारी दिए ।

## रौतहटमा ...

कारण हुने लैङ्गिक हिंसा न्यूनीकरणको लागि पत्रकारहरुसँग अन्तरक्रिया गरिएको हो । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान २०७९ अन्तर्गत सामी कार्यक्रमले अन्तरक्रिया आयोजना गरेको हो ।

सो अवसरमा कार्यक्रम संयोजक अरबिन्द कुमार चौधरीले वैदेशिक रोजगारीबाट विप्रेषणमात्रै नभई विभिन्न प्रकृतिका सामाजिक समस्याहरु पनि भित्रिएको बताए । नेपाल सरकारको तथ्यांकअनुसार हालसम्म ८५ लाख नेपालीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारका लागि गएका छन् । जसमध्ये २७ प्रतिशत मधेश प्रदेशका नागरिक रहेको चौधरीले जानकारी दिए । वैदेशिक रोजगारमा जाने महिलाको संख्या पनि बढ्दै गएकाले विदेशको भूमिमा महिला भएकै कारण सहनुपर्ने हिंसा, घरपरिवारको तर्फबाट दिइने आर्थिक, मानसिक तनावलगायतका हिंसा वैदेशिक रोजगारका कारण सिर्जित लैङ्गिक हिंसा रहेको उनले बताए । यस्तै श्रीमान विदेशिँदा श्रीमती वा घरका अन्य महिलामाथि परिवार तथा सामाजका विभिन्न पक्षबाट हुने हिंसा न्यूनिकरणका लागि पनि सामी कार्यक्रमले पहल गरिरहेको चौधरीको भनाइ थियो । लैङ्गिक हिंसा न्यूनिकरणको लागि सञ्चार क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण हुने चौधरीले बताए ।

यसैबीच कार्यक्रममा ईलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक रामराजा केशरीले लैङ्गिक हिंसाका सम्बन्धमा नेपालमा विद्यमान कानून तथा यसमा हुने कारबाहीबारे जानकारी गराए । केशरीले समाजभित्र हुने लैङ्गिक हिंसालाई उदाहरणसहित पेश गर्दै यसका कारण र कारबाहीको प्रक्रियाबारे जानकारी दिए । अझै पनि ग्रामिण क्षेत्रमा लुकेर रहेका हिंसाका घटनालाई उजागर गरी अपराधीलाई कानूनको दायरामा ल्याउन सञ्चारकर्मीलेसमेत सहयोग गर्नुपर्ने केशरीको भनाइ थियो ।

मधेश प्रदेशमा पनि वैदेशिक रोजगारमा जाने सबैभन्दा धेरै धनुषाका नागरिक रहेका छन् भने सबैभन्दा कम पर्सा जिल्लाका रहेका छन् । वैदेशिक रोजगारमा जाने धेरै कामदारहरुको संख्याको आधारमा रौतहट मधेश प्रदेशको छैठौं स्थान पर्छ । वैदेशिक रोजगारमा जाने कामदारहरुले विदेशमा अधिकांश निर्माण, उत्पादन तथा होटल, रेष्टुरेन्ट क्षेत्रमा काम गर्ने गरेका छन् । 'स्वदेशमा नै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं' भन्ने नाराका साथ सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम (सामी)ले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र शोषणरहित बनाउन काम गरिरहेको छ । नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीचको द्विपक्षीय सम्झौताबमोजिम जारी तेस्रो चरणको सुरक्षित आप्रवासन सामी कार्यक्रम रौतहटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व, स्थानीय सरकारको समन्वयमा सेवा प्रदायक संस्था माण्डवीद्वारा सञ्चालित छ । यस जिल्लाका चार वटा स्थानीय तहमा सामी कार्यक्रम सञ्चालनमा रहेको माण्डवीकी प्रमुख अञ्जु झाले जानकारी दिइन् ।

**Birgunj Metropolitan City**
**Office of the Metropolitan Executive**
**Birgunj, Parsa**

**Intention for Award of Contract**

**Date of Publication: 1st December 2022 (2079/08/15)**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Nagarik National Daily Newspaper on 2079/06/12. Birgunj Metropolitan City intends to award the contracts to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT (NRs.) |
|---|---|---|---|
| 1 | BMC/NCB/GOODS/2079/080/07 (Supply and Delivery of Sanitary Pads) | M/S Angel Touch Hygiene Manufacturing Pvt. Ltd., Lalitpur-18 | 51,38,155.20 |

**CHAURIDEURALI RURAL MUNICIPALITY**
**Office Of Rural Municipal Executive**
**Dhadkharka Bhanjyang, Kavrepalanchok**
**Bagmati Province, Nepal**

**Invitation for Sealed Quotation**

**2nd Date of Publication: 2079/08/15(2022-12-01)**

Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavrepalanchowk invites sealed Quotations from registered suppliers for the procurement of following items.

| Sealed Quotation No. | Name of Procurement | Bid security Amount |
|---|---|---|
| CDRM/GOODS/SQ/01/079/080 | Supply and Delivery of Veterinary Medicines and Surgical | NRs. 40,000/- |

1. A complete set of Bidding Documents may be purchased from the office and the office Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavrepalanchowk by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.00 till 2079/09/01 during office hours.
2. Sealed bids must be submitted to the office Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavrepalanchowk by hand on before 12:00 PM on 2079/09/01 along with verified copy of company/firm registration certificate, PAN registration, tax clearance certificate. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 PM on 2079/09/01 at the office of Chaunrideurali Rural Municipality Dhandakharka Bhanjang, Kavrepalanchowk. Bids must be valid for a period of 21 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 40,000/- which shall be valid for 30 days beyond the validity period of the bid.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavrepalanchowk email address **ito.chaurideuralimun@gmail.com, 9851310092, 9851310096.**

**Chief Administrative Officer**

**कुवेतमा रोजगारको अवसर**

१. कम्पनी : **SONIC DELIVERY FOR CONSUMER GOODS**
शहर : **KUWAIT**

पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२५०० **L.T. No: 276813**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Distributer | 10 | 0 | सम्बन्धित कामभा दक्ष | 135 | ५७,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Car Delivery Driver | 10 | 0 | | 135 | ५७,२६१ | | | | | | | |

२. कम्पनी : **ROMA GLOBAL CO. FOR DELIVERY OF CONSUMER ORDERS W.L.L.**

पूर्व स्वीकृत मितिः २०७९/०३/१२ चलानी नं.: ६०१८१७७८ **L.T. No.:265708** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver / Biker Rider | 23 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour / Reporter | 32 | 5 | | 95 | ३८,७६० | | | | | | | |
| 3. | Vehicle / Light Driver | 38 | 0 | | 140 | ५७,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २२ गते (8 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ को निःशुल्क क.नं. १ को रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fusion International Pvt Ltd**
Panchakumari Marga, New BaneshworKathmandu, Nepal
Tel 01-4465326 | Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059
Mobile No.: 9806317834, 9825892252, 9803495710, 9818677214

# अतिक्रमण गरी बनाइएका संरचना हटाउन प्राधिकरणको आग्रह



**काठमाडौं/मस-** काठमाडौं उपत्यका विकास प्राधिकरणले सरकारी, पर्ति, ऐलानी तथा खोलाको मापदण्डबमोजिमका जग्गालाई अतिक्रमण गरी निर्माण गरिएका अनधिकृत संरचना ३५ दिनभित्र हटाउन आग्रह गरेको छ।

प्राधिकरणले सूचना प्रकाशित गरी उपत्यकाका नगरहरूको पुनःनिर्माण, विकास र विस्तारमार्फत काठमाडौं उपत्यकालाई व्यवस्थित गर्नका लागि अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन आग्रह गरेको हो ।

उपत्यकामा योजनाबद्ध भौतिक विकासका लागि आधार भूत मापदण्ड तय गर्न काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ३ बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरण स्थापना भएको सूचनामा उल्लेख छ ।

प्राधिकरणले अतिक्रमण गरी निर्माण गरिएका संरचना नहटाएमा प्राधिकरणले हटाई सो हटाउँदा वा भत्काउँदा लाग्ने लागत सम्बन्धित व्यक्ति वा संस्थाबाट असुलउपर गर्नेसमेत जनाएको छ ।

**भरतपुर महानगरले अवैध संरचना हटाउने**

भरतपुर महानगरपालिकाले अवैध रुपमा निर्माण गरिएका संरचना हटाउने भएको छ । महानगरपालिकाले ३५ दिने सूचना जारी गर्दै अवैध संरचनालाई हटाउन आग्रह गरेको हो। महानगरपालिकाले जारी गरेको सूचनामा तोकिएको समयभित्र त्यस्ता संरचना सम्बन्धीत धनीले नहटाए आफैले हटाउने जनाएको छ । संरचना हटाउँदा लाग्ने खर्चसमेत सम्बन्धित व्यक्ति वा संस्थाबाटै असूल गर्ने सूचनामा उल्लेख छ । महानगरले सार्वजनिक जग्गामा स्वीकृति नलिई निर्माण भएका भवन, टहरा र संरचना, सडक क्षेत्राधिकार मिचेर बनाइएका टहरा, पर्खाल एवं अन्य सरंचरना, स्वीकृत नलिई भवनका अगाडि निर्माण भएका ट्रस, जस्ता राखेर निकालेका अस्थायी पाली, अस्थायी टहरालगायतका अन्य संरचना, सडकमा फुटपाथबाट सवारी साधन उक्लिन बाटो अवरुद्ध हुने गरी ढलाइ गरी बनाइएका स्थायी र्‍याम्प, नक्शापासमा बेसमेन्ट पार्किङ स्वीकृत गरी अन्य प्रयोजनः पसल, गोदाम, रेन्टुरेन्ट आदि प्रयोग भइरहेका बेसमेन्ट हटाउने सूचनामा उल्लेख छ ।

# खानेपानी आयोजना सञ्चालनका लागि रवि सक्रिय

**शंकर श्रेष्ठ/मध्यान्ह**
चितवन, १४ मंसिर

चितवन-२ बाट प्रतिनिधिसभामा निर्वाचित रवि लामिछाने पद तथा गोपनीयताको शपथग्रहण नगर्दै कार्यक्षेत्रमा उत्रिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछाने बुधबार भरतपुरको पुरानो खानेपानी आयोजना सञ्चालनका लागि पुगेका थिए ।



जापान सरकारको सहयोगमा सन् १९९३ मा निर्माण भएको भरतपुर खानेपानी आपूर्ति परियोजना लामो समयदेखि अवरुद्ध थियो । लामिछानेको नेतृत्वमा बुधबार भरतपुरका स्थानीयवासीले परियोजनाको पानी ट्याङ्की सञ्चालनको लागि उत्साहपूर्वक श्रमदान गरेका छन् ।

२०६० सालमा पहिरोले अवरुद्ध बनेको खानेपानी परियोजना सञ्चालन हुन सकेको थिएन् । त्यस क्षेत्रका स्थानीयले आफ्नै पहलमा सानो कुवा बनाएर मोटरबाट ट्याङ्कीसम्म पुऱ्याएर पानीको आपूर्ति गर्दै आएका थिए । अवरुद्ध आयोजनालाई सुचारु गरेर चितवनवासीको तिर्खा मेट्ने प्रयास लामिछाने लागेका छन् । धरानका मेयर हर्क साम्पाङले आफ्ना नगरवासीलाई खानेपानी खुवाउने कामलाई पहिलो प्राथमिकतामा राख्दै शुरुदेखि श्रमदानमा खटिएका थिए । रविले पनि उनको शैलीलाई अवलम्बन गर्दै आफैं श्रमदानमा खटिएका छन् ।


## Kohalpur Municipality
## Office of Municipal Executive
Kohalpur, Banke
Lumbini Province, Nepal

**Invitation For Bids**

**Date Of Publication:2079/08/15 (Dec-01-2022)**

**Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke** invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/G/NCB-04/2079/080 | Supply And Delivery of Sanitary Pad For Kohalpur Municipality Office Banke | 90 days | 5,620,160.00 | 145,000.00 | 3000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/09/ 17 ( Jan-01-2023 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/09/17 ( Jan-01-2023 ) ; at 2:00 PM, At Kohalpur Municipality Office,Kohalpur, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch , Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**


# स्वास्थ्य संस्थालाई व्यवस्थित गर्न क्षमता अभिवृद्धि तालिम



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १४ मंसिर

पाल्हीनन्दनमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सुदृढीकरणको लागि २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । युनाईटेड स्टेटस एजेन्सी ईन्टरनेसनल डेभलेपमेन्टले स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनका लागि तालिमको आयोजना गरेको पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ५ का अध्यक्ष दयाशंकर त्रिपाठीले जानकारी दिए ।

स्थानीय स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापनका लागि स्थानीय सरकारलाई प्रभावकारी बनाउनका लागि समितिका सदस्यहरुलाई तालिमको आयोजना गरिएको युनाईटेड स्टेटस एजेन्सी ईन्टरनेसनल डेभलेपमेन्टका वरिष्ठ प्राविधिक अधिकृत दामोदर न्यौपानेले जानकारी दिए ।

उनका अनुसार समितिका सदस्यहरुलाई स्वास्थ्यको परिभाषा, योजना तर्जुमा, अधारभुत स्वास्थ्य सेवा, सुशासन, नेतृत्व विकास, नयाँ परिस्थितीमा व्यवस्थापनका विविध पक्षहरुमा ज्ञान र सीपको आवश्यकताका बारेमा जानकारी गराइएको थियो ।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त काठमाडौं स्थित यस **निलकमल ह्युमन रिसोर्स प्रा. लि. (श्रम इजाजत नं. ७९३/०६५/०६६)** मा कार्यरत **जयराम साह सोनार**लाई मिति २०७९/०८/०४ गते यस प्रा.लि.को मार्केटिङ म्यानेजर पदबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं । फोन: ४११२७१३, ४११२७१४
Email: info@neelkamalnepal.com , Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66



## साउदीमा रोजगार
१. कम्पनी : BUSINESS PLANNING COMPANY FOR OPERATION AND MAINTENANCE ONE PERSON COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७८६५ LT. No.: 272150 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Upload And Download Operator | 10 | 0 | | 2200 | ७४,५३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २२ गते (8 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



## मलेसियामा रोजगार
कम्पनी: WELL-UNION METAL SDH BHD
शहर:MALAYSIA, Johor

पूर्व स्वीकृत मितिः २०७९/०८/१४ चलानी नं.:६०१९२४६० L.T. No.: 276881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २२ गते (8 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.**
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com



## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(स्वास्थ्य शाखा)
बाह्रबिसे, संखुवासभा, प्रदेश नं. १, नेपाल

**करार सेवा पदपूर्ति सम्वन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०७९/०८/१५**

यस सभापोखरी गाउँपालिका संखुवासभाका लागि निम्नानुसारको पदहरुमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुनाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र तोकिएको राजस्व तिरेको रशिद सहित दरखास्त आव्हान गरिन्छ ।

| बिज्ञापन नं | पद | तह | माग संख्या | परिक्षाको किसिम | कामकाज गर्ने निकाय | तलब स्क्केल | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| MO -०१-०७९/८० | मेडिकल अफिसर | अधिकृत आठौं | १ | लिखित र अन्तरबार्ता | सभापोखरी गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुको रिक्त दरबन्दिमा कामकाज गर्नुपर्नेछ । | नेपाल सरकार र सभापोखरी गाउँपालिकाको नियम अनुसार | १०००/- |
| HA -०२-०७९/०८० | हेल्थ असिस्टेन्ट | सहायक पाचौं | २ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| SN-०३-०७९/०८० | स्टाफ नर्स | सहायक पाचौं | १ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| LT-०४-०७९/०८० | ल्याब टेक्निसियन | सहायक पाचौं | १ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| LA-०५-०७९/८० | ल्याब असिस्टेन्ट | सहायक चौथो | १ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| AHW- ०६-०७९/८० | अहेव | सहायक चौथो | १ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| A.N.M.-०७-०७९/०८० | अ.न.मी. | सहायक चौथो | ५ | लिखित र अन्तरबार्ता | | | ६००/- |
| OA-०८-०७९/०८० | कार्यालय सहयोगी | श्रेणी बिहिन | २ | लिखित र अन्तरबार्ता | | | ४००/- |

**तपसिलः-**

१. उम्मेदवारको उमेर हदः दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने, कार्यालय सहयोगीको हकमा १८ वर्ष ३५ वर्ष ननाघेको ।
२. दरखास्त बुझाउने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन सम्म र उक्त दिन सार्बजनिक विदा परेमा कार्यालय खुलेको अर्को दिन ।
३. दरखास्त बुझाउने स्थानः सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा वा **Gmail:savapokharimun@gmail.com** बाट प्राप्त गर्न सक्नु हुनेछ ।
४. **न्यूनतम शैक्षिक योग्यताः**
(क) मेडिकल अफिसरको हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट **MBBS** कोर्ष उतिर्ण गरेको र **NMC** मा दर्ता भएको ।
(ख) हे.अ.को हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ असिस्टेन्ट (हे.अ.) कोर्ष उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
(ग) स्टाफ नर्स को हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट स्टाफ नर्स कोर्ष उत्तिर्ण गरि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।
(घ) ल्याब टेक्निसियनको हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट ल्याब टेक्निसियन कोर्ष उत्तिर्ण गरि काउन्सिलमा दर्ता भएको ।
(ङ) ल्याब असिस्टेन्टको हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट ल्याब असिस्टेन्ट कोर्ष उत्तिर्ण गरि काउन्सिलमा दर्ता भएको ।
(च) अहेवको हकमाः- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ असिस्टेन्ट (हे.अ.) वा सिएमए (**CMA**) कोर्ष उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
(छ) अ.न.मि. को हकमाः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थावाट स्टाफ नर्स वा **A.N.M** (अ.न.मि) कोर्ष उत्तिर्ण गरि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।
(ज) का.स. को हकमाः एस.एल.सी. (**SLC**) वा सो सरह उतिर्ण भई कम्प्युटर सम्वन्धी ज्ञान भएको ।
५. दरखास्तको माद्यमः- दरखास्त फारम यस सभापोखरी गाउँ पालिकाको कार्यालय र **website: www.savapokharimun.gov.np** ।
६. परिक्षा संचालन सम्बन्धि जानकारीः- दरखास्त दिने म्याद समाप्त भएपछि सूचना प्रकाशन गरिनेछ वा फोन मार्फत सम्पर्क गरिनेछ ।
७. आबेदनको लागि संलग्न गर्नुपर्ने कागजातहरु - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति, काउन्सिलमा दर्ता भएको/ नबिकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, सभापोखरी गाउँपालिकाको आर्थिक प्रशासनमा रकम बुझाएको सक्कलै रसिद वा सभापोखरी गाउँपालिकाको प्राईम कमर्सियल वैङ्कमा रहेको आन्तरिक राजश्व खाता नं. **०६९००२२२ CA** मा रकम जम्मा गरेको भौचर दरखास्त फारमको साथमा बुझाउनु पर्नेछ ।
८. कार्यशर्तको विवरण (**TOR**):- गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
९. यस सम्बम्धि थप जानकारीका लागिः- सभापोखरी गाउँ पालिकाको कार्यालय र सम्पर्क नं. **९८५२०५८१४१** ।

**नोटः- अ.न.मी. को हकमा SBA को तालिम लिएका लाई विशेष प्राथमिकता दिईनेछ । स्थानिय र माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१५ मंसिर २०७९, बिहीबार
1 December 2022, Thursday

## सम्पादकीय

# जनमतले पाएको जनादेश

आमनिर्वाचन-२०७९ को एक प्रमुख सन्देश हो, जनमत पार्टीको उदय । चन्द्रकान्त (सिके) राउत नेतृत्वको यो पार्टी खुलेको धेरै भएको छैन । तर राष्ट्रिय राजनीतिक शक्तिका रूपमा चुनावबाट अनुमोदन हुने लगभग पक्का छ । जनमत पार्टीले राष्ट्रिय दल बन्न आवश्यक समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड कटाइसकेको छ । अन्तिम नतिजा प्रकाशन हुँदा समेत अहिलेकै तीन प्रतिशत कायमै राख्ने संभावना बढी छ । सुरूवाति दिनको गणनामा रहेको निराशाजनक नतिजा बदल्दै जनमत पार्टीले तीन प्रतिशतको थ्रेसहोल्ड पार गरेको थियो । प्रत्यक्षतर्फ अध्यक्ष सिके राउत आफैले जितेका छन् । राउतले सप्तरी-२ बाट चुनाव जितेका हुन् । अझ मधेश आन्दोलनको नेतृत्व गर्ने नेता उपेन्द्र यादवलाई पराजित गरेकाले राउतको जितलाई महत्वका साथ हेरिएको छ ।

उपेन्द्र यादवको पार्टी जनता समाजवादी पार्टी (जसपा) ले पनि प्रत्यक्षतर्फ सात सिट जितेको छ भने समानुपातिक तर्फ पनि राम्रै मत पाइरहेको छ । जसपा राष्ट्रिय दल कायमै रहनेमा कुनै शंका छैन । तर यादवको हार अनि राउतको जितसँगै जनमत पार्टीको उदयलाई मधेश केन्द्रीत राजनीतिमा चासोका साथ हेरिएको छ । यसका पछाडि हारजितको मात्रै कुरा नभएकाले पनि चासोका साथ हेरिएको हो । झण्डै दशकदेखि राउतलाई पृथकतावादी अभियान चलाएको आरोप थियो । 'स्वराज'को नारा लगाएर गतिविधि गरेको आरोपमा पटकपटक राउत पक्राउ परेका थिए । तर राउतले बाटो बदले । संविधानभित्रै संसदीय राजनीतिको सम्झौता गरेको सिके राउतले जनमत पार्टी बनाए । अहिले त्यही जनमत पार्टीले मधेशका अन्य राजनीतिक शक्तिलाई पछाडि पारेको छ ।

जसपाकै अध्यक्ष यादवलाई पराजित गरेर राउतले चुनाव जित्दा अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) राष्ट्रिय दल बन्ने संभावना देखिदैन । जबकी लोसपामा मधेश आन्दोलनको विरासत बोक्ने राजेन्द्र महतोहरूदेखि महन्थ ठाकुर समेत छन् । नेपाली कांग्रेसको राजनीति त्यागेर मधेश केन्द्रीत आन्दोलनमा लागेका ठाकुर नेतृत्वको पार्टीले समानुपातिक तर्फ अत्यन्तै न्यून मत पाइरहेको छ । तर सद्भावना पार्टीको विरासत बोक्ने लोसपादेखि ०६३ सालको मधेश आन्दोलनबाट उदाएको जसपालाई समेत धक्का दिदै सिके राउत उदाएका छन् । यसले पुराना नेताहरूको पृष्ठभूमि देखि राउतले उठाएको एजेण्डा समेतलाई ध्यान दिन जरूरी छ । अझ मधेश केन्द्रीत शक्तिहरू कमजोर हुँदा ठूला दलहरूको बर्चश्व तोडिएको तर्फ पनि उत्तिकै गहन रूपमा हेरिन जरूरी छ ।

# निर्वाचनले दिएको सन्देश

*राजनीति एनजीओ र आइएनजीओकरण हुने खतरा पैदा भएको छ । विचार र सिद्धान्तलाई भन्दा सामान्य कुरा गरेर जनताको मन जित्दै सत्तामा जाने अनि मुलुकको स्वतन्त्रता र स्वाभिमानलाई कमजोर पार्ने षड्यन्त्र हुनसक्ने खतरा छ ।*

**अग्रलेख**



● विनबहादुर कुँवर

प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम आउनेक्रम जारी छ । अहिलेसम्मको चुनावी परिणामले नेपाली कांग्रेस पहिलो र नेकपा (एमाले) दोस्रो ठूलो दल हुने देखिन्छ । अहिलेसम्मको परिणामलाई हेर्दा, माओवादी केन्द्र तेस्रो र राष्ट्रिय स्वतन्त्र दल चौथो बन्ने देखिएको छ । यही निर्वाचनबाट उदाएको स्वतन्त्र दलको यो उपस्थिति निकै आकर्षण लाग्दो छ । रास्वपासँगै यसअघिको संसदमा निकै हैसियत बिहिन देखिएको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि यसपटक निकै बलियो गरी देखिएको छ । मधेशमा केही भिन्नै खालको राजनीतिक रूपमा देखिएको जनतम पार्टी पनि यसपटक राष्ट्रिय दलको हैसियतमा उदाएको छ ।

